# पुस्तक समीक्षा

जगत नेपाल । २०७२ । *पहिलो संसद : बीपी-महेन्द्र टकराव* । काठमाडौँ : सांग्रिला पुस्तक प्रालि ।

आधुनिक नेपालको इतिहासमा २०१५ सालदेखि मुलुकले अंगालेको संसदीय व्यवस्था निकै महत्त्वपूर्ण छ । नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको भनाइमा त्यति बेला सरकार र संसदले सफलतापूर्वक कार्य गरेको थियो र त्यही नै राजा महेन्द्रको चिन्ताको कारण थियो । फलस्वरूप १८ महिनापछि नै महेन्द्रले बीपी कोइरालाको नेतृत्वको सरकार विघटन, संसद भंग बहुदलीय संसदीय व्यवस्थाको अन्त एवं निर्दलीय पञ्चायती व्यवस्थाको शुरूआत गरेका थिए । संसदीय व्यवस्थालाई जबरजस्ती समाप्त नपारिएको भए सम्भवतः नेपालको इतिहासले अर्कै मोड लिने थियो । संसदीय व्यवस्थाको स्थानमा ल्याइएको र करिब ३० वर्ष चलेको पञ्चायती व्यवस्थालाई २०४६ सालको जनआन्दोलनले समाप्त पारेपछि नेपालमा बहुदलीय संसदीय व्यवस्थाको पुनरोदय भयो जसमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पहिलो संसदीय अभ्यासको प्रभाव परेको देखिन्छ । र, अहिलेको भन्दा पहिलो संसदलाई उन्नत भन्दै आजका राजनीतिक दल र नेताले उबेलाको संसदबाट सिक्नु पर्ने कुरा धेरै रहेको बताइन्छ । सम्भवतः सोही कारण पत्रकार जगत नेपालले *पहिलो संसद : बीपी-महेन्द्र टकराव* लेखेका हुन् ।

सात भागमा विभाजित पुस्तकको पहिलो भागमा पृष्ठभूमिको रूपमा २००७ सालदेखिका घटना समेटिएका छन् । यो भागमा बीपी र मातृका बीचको झगडा, राजा र युवराज बीचको मतभेद, राजा र राजनीतिक दलहरू बीचको टकराव, आदिबारे छोटकरीमा उल्लेख छ । दोस्रो र तेस्रो भागमा २०१५ सालको आम निर्वाचन र त्यसपछि प्रधानमन्त्री बन्न भएका "होडबाजी" बारे चर्चा गरिएका छन् । त्यस समय प्रधानमन्त्री बन्नका लागि बीपी र सुवर्ण शम्शेरबीच भएको अघोषित प्रतिद्वन्द्विता तथा बीपी पत्नी सुशिलाले निर्वाह गरेको भूमिकाबारे पनि लेखकले चर्चा गरेका छन् । निर्वाचनमा जित्ने र हार्ने ठूला हस्तीका साथै विभिन्न राजनीतिक दलको सफलता र असफलतालाई निर्वाचन परिणामअनुसार विश्लेषण गरिएको छ । यद्यपि निर्वाचनमा सबैभन्दा बढी मत ल्याई जित्ने उमेद्वारको उल्लेख छुटेको छ । संयुक्त प्रजातन्त्र पार्टीका काशीप्रसाद श्रीवास्तव क्षेत्र नं. ५९ माझखण्ड पश्चिमबाट सबैभन्दा बढी १४,१५६ मत ल्याई निर्वाचित भएका थिए ।

पुस्तकको चौथो, पाँचौँ र छैठौँ भागमा तत्कालीन संसदले गरेका कार्यहरूको फेहरिस्त दिइएको छ । विशेष गरी संसदका पदाधिकारीको चुनावी राजनीति, सार्वजनिक महत्त्वका

विषयमा संसदमा भएका बहस तथा सरकारले ल्याएका विकाससम्बन्धी कार्यको संसदमा भएका छलफलबारे चर्चा गरिएको छ । अन्तिम अर्थात् सातौँ भागमा बीपी-महेन्द्र टकराव, त्यसमा विभिन्न व्यक्तिको संलग्नता तथा निर्वाचित सरकार र संसद विघटनसम्बन्धी घटनाहरूको वर्णन छ । पुस्तकको अन्तमा केही दस्तावेज परिशिष्टका रूपमा समेटिएका छन् ।

*पहिलो संसद : बीपी-महेन्द्र टकराव* तयार गर्दा लेखकले मूलतः तीन प्रकारका स्रोतको उपयोग गरेका छन् – प्रकाशित पुस्तक तथा लेख, संसद सचिवालयको अभिलेख तथा विभिन्न व्यक्तिसँगको अन्तर्वार्ता । सन्दर्भ सामग्री हेर्दा नेपाली भाषामा लेखिएका पुस्तकमा लेखक भर परेका देखिन्छन्; अंग्रेजीमा लेखिएका जम्मा दुई ओटा पुस्तक मात्रै सन्दर्भ सामग्रीमा उल्लेख छ । नेपाली भाषाका पुस्तकमा पनि धेरैजसो प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाली काँग्रेससँग सम्बन्धित पुस्तक मात्रै परेका छन् । पहिलो संसदको प्रमुख हिस्सेदार नेपाली काँग्रेस नै भए तापनि अन्य राजनीतिक दल वा व्यक्तित्वको अध्ययनविना त्यति बेलाको राजनीतिक गतिविधिको निष्पक्ष मूल्यांकन गर्न गाह्रो पर्छ ।

संसद सचिवालयमा संगृहित तत्कालीन समयको संसदीय गतिविधिको अभिलेख पुस्तकको अर्को प्रमुख स्रोत हो । पुस्तकको पछिल्लो गातामा राजनीतिशास्त्री कृष्ण खनाल भन्छन्, “२००७ देखि २०१७ सालका राजनीतिक गतिविधिका धेरै पक्षहरू उजागर गर्ने संस्मरण, अनुसन्धान र दस्तावेजहरू सार्वजनिक भएका छन् । तर नेपालको पहिलो संसदको गतिविधिमा केन्द्रित सामग्री खासै प्रकाशनमा आएको थिएन ।” यस्तो अवस्थामा संसदको कारवाहीसम्बन्धी दस्तावेजबाट लेखकले धेरै नयाँ कुराहरू प्रकाशमा ल्याएका छन् र यो नै पुस्तकको एउटा महत्त्वपूर्ण उपलब्धि हो, यद्यपि संसद सचिवालयका पर्याप्त दस्तावेज पुस्तकमा आएका छैनन् ।

विभिन्न व्यक्तिसँगको अन्तर्वार्ता पुस्तकको अर्को महत्त्वपूर्ण स्रोत हो । लेखकले तत्कालीन समयका सांसद तथा राजनीतिक व्यक्तित्व जस्तै, तुलसी गिरी, विश्ववन्धु थापा, अच्यूतराज रेग्मी, मदनमणि दीक्षित, मणिराम शास्त्री, सूर्यबहादुर थापा, कीर्तिनिधि विष्ट, विष्णुबहादुर मानन्धर, नयनबहादुर स्वाँर, कमल राणा, कमलराज रेग्मी, आदिसँग अन्तर्वार्ता गरेका छन् । यी अन्तर्वार्ताबाट धेरै नयाँ कुरा अगाडि आए पनि ती नयाँ “तथ्य” लाई आँखा चिम्लेर विश्वास गर्न सकिँदैन । आत्मकथा वा संस्मरणको कुरा पनि त्यही हो । विभिन्न व्यक्तिले आफ्नो कमजोरीलाई लुकाउने तथा सानोतिनो उपलब्धिलाई बढाइचढाइ प्रस्तुत गर्ने पाइएकाले यी स्रोतमा सम्पूर्ण रूपमा भर पर्न सकिँदैन । तसर्थ, अन्य स्वतन्त्र स्रोतबाट विभिन्न दाबी या “तथ्य” लाई पुष्टि गर्न आवश्यक हुन्छ, जुन लेखकले गर्न सकेका छैनन् ।

पुस्तकको शीर्षकसँग असम्बन्धित केही विषयवस्तु पनि पुस्तकमा परेका छन् । उदाहरणका लागि, पुस्तकमा महेन्द्र र रत्नको प्रेमप्रसंगलाई विस्तारपूर्वक वर्णन गरिएको छ (पृ. ८–१४) । यो प्रसंगको एउटै मात्र राजनीतिक महत्त्व छ त्यो हो बीपीले महेन्द्रको

पक्ष लिई महेन्द्र-रत्नको विवाहलाई स्वीकृति दिन त्रिभुवनलाई दिएको दबाब । योबाहेक अन्य सन्दर्भ प्रासंगिक थिएन । साथै, महाकवि देवकोटाको निधन र उनको ऋणबारे चर्चा गर्न पनि आवश्यक थिएन । न २०४८ देखि २०७० सालसम्मको सांसद/सभासद्हरूको तलबवृद्धिको विवरण नै आवश्यक थियो ।

*पहिलो संसद र बीपी-महेन्द्र टकराव*सम्बन्धी धेरै कुरा लेखकले प्रकाशमा ल्याएका छन् । तर कतिपय कुरा पुस्तकमा समावेश हुन सकेका छैनन् । तीमध्ये केही बुँदा तल उल्लेख गर्न चाहन्छु :

१. नेपालमा पहिलो संसदको निर्वाचनभन्दा अगाडि तीन ओटा सल्लाहकार सभा गठन गरिएका थिए । यी सभामा बजेटको प्रस्तुति, प्रश्नोत्तरको व्यवस्था, विधेयकमाथि छलफल, सभाभित्रको अनुशासन, आदिबारे अभ्यास गरिएका थिए । यी "मिनी" संसदमा गरिएको अभ्यासले गर्दा नै पहिलो संसदका बैठक एवं कारवाही राम्ररी चल्न सकेको थियो । पुस्तकमा यी सल्लाहकार सभाको कार्यबारे केही उल्लेख छैन ।
२. बीपी-महेन्द्र टकरावको एउटा प्रमुख कारण २०१५ सालको संविधान हो । लेखकले संविधानबारे केही हरफ त लेखेका छन् (पृ. ३०), तर राजाको स्वविवेकीय अधिकारबारे केही उल्लेख गरेका छैनन्, जुन बीपी-महेन्द्र टकरावको मुख्य कारण थियो ।
३. संसदीय कालखण्डमा भएका नेपाल-चीन सम्बन्धबारे विस्तृत वर्णनका साथै सगरमाथा विवाद तथा मुस्ताङ घटनाबारे पनि पुस्तकमा चर्चा गरिएको छ तर नेपाल-भारत सम्बन्धको विवरण भने ज्यादै संक्षिप्त छ । नेपाल र भारतबीच गण्डक सम्झौता सोही समयमा भएको थियो । र, सम्झौताको विरोधमा संसदभित्र तथा बाहिर ठूलो आवाज उठेको थियो जसबारे पुस्तकमा केही उल्लेख छैन ।
४. आमनिर्वाचनमा नेपाली कांग्रेसको बहुमत नआउने निश्चित भएपछि मात्रै महेन्द्रले चुनावको घोषणा गरेको र नेपाली कांग्रेसलाई हराउन उनले अन्य स-साना दलहरूलाई मद्दत गरेको उल्लेख त लेखकले गरेका छन् (पृ. ३०, ५३), तर कुनै दलको बहुमत नआए राजाले के गर्न सक्थे भन्ने केलाएका छैनन् । २०१५ सालको संविधानको धारा १७ अनुसार संसदमा कुनै दलको बहुमत नआएमा राजाले मन्त्रिमण्डलसम्बन्धी व्यवस्था निलम्बन गरी आफूले चाहेका मन्त्रीहरू नियुक्त गरी एक वर्षसम्म सोझो शासन गर्न सक्थे । महेन्द्रको इच्छा यही नै थियो तर नेपाली कांग्रेसले बहुमत ल्याएकोले नै उनको इच्छा पूरा हुन पाएन ।
५. निर्वाचन परिणाम घोषणा भएपछि निर्वाचन धाँधलीपूर्ण भएकाले निर्वाचन बदर गराउन संयुक्त प्रजातन्त्र पार्टीका नेता तथा पूर्व प्रधानमन्त्री के.आई. सिंहले सर्वोच्च अदालतमा रिट दिएका थिए । उक्त रिटको पक्षमा नेपालका पाँच र भारतका पाँच वरिष्ठ वकिलले बहस गरेका थिए । रिट दायर भएको एक हप्तापछि आफ्नो अनुकूलको प्रधान न्यायाधीश नियुक्त गरी रिट खारेज

गर्न लगाएको आरोप बीपी कोइरालालाई लागेको पाइन्छ । यो प्रसंग पनि पुस्तकमा उल्लेख हुन आवश्यक हुन्थ्यो ।

६. तत्कालीन बीपी कोइराला नेतृत्वको सरकारको घोर विरोध गर्ने एउटा गैरराजनीतिक संस्था थियो, नेपाल जनहित संघ । सरकारको विर्ता उन्मुलन गर्ने कार्यको विरोधमा यो संघ उत्रिएको थियो र राजासमक्ष विन्तिपत्रसमेत दिएको थियो । संघको विन्तिपत्रको जवाफमा महेन्द्रले खुल्ला रूपमा उक्त संघलाई समर्थन गरेका थिए । बीपी-महेन्द्र टकरावको यो महत्त्वपूर्ण पक्षबारे पनि पुस्तक मौन छ ।

७. राजाको समर्थनमा योगी नरहरिनाथद्वारा सञ्चालित गोरखाको विद्रोहबारे पुस्तकमा वर्णन गरिएको र सोसँग सम्बन्धित एउटा पत्र पनि परिशिष्टमा दिइएको छ (पृ. २२३–२२६, २९१) । तर नेपाली कांग्रेसको संलग्नता रहेको भनिएको नुवाकोटको लुटपाट तथा सरकारले दमन गर्न नचाहेको भनिएको बझाङको विद्रोहबारे पुस्तकमा कुनै उल्लेख छैन ।

८. अठार महिनाको संसदीय कालमा बीपी-महेन्द्र सम्बन्धबारे चर्चा भएको अर्को घटना हो – श्री ५-११ र प्रधानमन्त्री-११ बीच भएको मैत्रीपूर्ण फूटबल खेल । लेखकले उक्त फूटबल खेलको वर्णन त गरेका छन् तर केवल खेलाडीहरूको नाम मात्रै (पृ. २३६–२३७) । यो खेलको राजनीतिक पक्ष पनि थियो । विष्णुको अवतार मानिएको नेपालको राजालाई सर्वसाधारण सरह मैदानमा ल्याएर बीपीले राजसंस्थाको गरिमा घटाएको टिप्पणी केही पत्रपत्रिकाले गरेका थिए । एउटा नागरिकको हैसियतले सार्वजनिक कार्यमा भाग लिने आफ्नो अधिकार भएको वक्तव्य दिई महेन्द्रले यस विवादलाई साम्य पारेका थिए ।

९. पहिलो संसदको एउटा महत्त्वपूर्ण उपलब्धि थियो, राज्य अदालत उन्मुलन ऐन । यसले सयौँ वर्षदेखि "राजा" उपाधि धारण गरी शासन गरिरहेका दर्जनौँ अर्ध-स्वशासित राज्यको न्यायिक अधिकारको अन्त गरेको थियो । त्यस्ता राज्यलाई पूर्ण रूपमा अन्त गर्ने कांग्रेस सरकारको योजना थियो र पहिलो कदमको रूपमा त्यस्ता राज्य अदालतको उन्मुलन गरिएको थियो । तर १ पुस २०१७ मा निर्वाचित मन्त्रिमण्डल विघटन गरेपछि यो कार्यको जस महेन्द्रले पाए । यो पक्षबारे पुस्तकमा केही उल्लेख छैन ।

१०. संसदको उपल्लो सदन महासभाका ३६ सदस्यमध्ये १८ सदस्य राजाबाट उनको स्वविवेकमा मनोनयन भएका थिए । यी राजा-मनोतित सदस्यले सरकारका कार्यकलापको कटु आलोचना गर्थे भने एक जनाले त खुल्ला रूपमा नै बीपी मन्त्रिमण्डल विघटन गर्न राजासमक्ष माग गरेका थिए । यसबाट निर्वाचित सरकारको अन्त गर्न राजालाई बल मिलेको थियो । यो पक्षबारे पनि पुस्तक मौन छ ।

यीबाहेक पुस्तकमा केही सानातिना तथ्यगत त्रुटि छन् । १३–१४ भदौ २००९ मा बसेको कांग्रेस महासमितिको बैठकले पार्टीबाट आफूलाई निष्काशन गर्ने निर्णय गरेपछि मातृकाप्रसाद

कोइरालाले प्रधानमन्त्री पदबाट राजिनामा दिए भनी पुस्तकमा लेखिएको छ (पृ. १७) । तर वास्तवमा मातृकाले २६ साउनमा नै राजीनामा गरिसकेका थिए ।

बेलायतसँग सन् १९४७ मा र अमेरिकासँग सन् १९५३ मा नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको पुस्तकमा उल्लेख छ (पृ. १८९) । यथार्थमा चाहिँ बेलायतसँग सन् १८१६ मा तथा अमेरिकासँग सन् १९४७ मा नेपालमा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । यस्तै, १ पुस २०१७ मा बीपीलाई पक्रिन जाने व्यक्तिको नाम समरबहादुर (पृ. २५३–२५४) नभई समरराज हो र उनी त्यति बेला जर्नेल नभई कर्णेल मात्रै थिए । राजा र प्रधानमन्त्रीको टीम बीचको फूटबल खेल कात्तिक २०१७ मा सम्पन्न भएको पुस्तकमा लेखिएको छ (पृ. २३६), जबकि यो खेल कात्तिक २०१६ मा भएको थियो । कुनै अन्य स्रोतको अध्ययन नगरी गृष्मबहादुर देवकोटाको नेपालको राजनीतिक दर्पणमा मात्र लेखक भरपर्दा यो गल्ती हुन गएको हो ।

*पहिलो संसदः बीपी-महेन्द्र टकराव*को शैली विवरणात्मक छ । कहीँकहीँ मात्रै लेखकले व्याख्यात्मक टिप्पणी गरेका छन् । लेखकले अन्तर्वार्ता लिएका सबै व्यक्तिको नाम उनीहरूको त्यति बेलाको पदसहित परिशिष्टमा दिएको भए अझ उपयुक्त हुने थियो । त्यस्तै कोष्ठभित्र टिप्पणी दिने र पृष्ठको तल टिप्पणी राख्ने दोहोरो प्रणालीको सट्टा एउटै मात्र विधि अपनाएको भए पाठकलाई सजिलो हुने थियो ।

यी कमी-कमजोरी औँल्याएर मैले पुस्तकको महत्त्व घटाउन खोजेको होइन । पुस्तकको अर्को संस्करणमा लेखकले यी बुँदामाथि ध्यान पुऱ्याउनु हुनेछ भन्ने मात्रै मेरो आशय हो । वास्तवमा, प्रस्तुत पुस्तकले नेपालको पहिलो संसदको काम कारवाही तथा बीपी-महेन्द्र टकरावबारे धेरै तथ्य अगाडि ल्याएको छ र यो पुस्तक महत्त्वपूर्ण हुनका साथै पठनीय पनि छ ।

**त्रिरत्न मानन्धर**
त्रिभुवन विश्वविद्यालय